ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक ३४८
२८ जेठ २०८० आइतबार
11 Jun. 2023, Sunday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# विद्यार्थी माझ नगरप्रमुख



**खबर दर्पण समाचारदाता**
**जेठ २७ गते, बर्दिवास**

मधेसकै शैक्षिक हबका रूपमा विकास भएको भनिएको बर्दिबासको शैक्षिक गुणस्तरको चर्चा जिल्लाभर हुने गर्छ। अझ ३ पटक यसै क्षेत्रबाट निर्वाचित पूर्व शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलको क्षेत्र भएकाले पनि आममानिसले हेर्ने दृष्टिकोण नै फरक छ।

तर, नगरभरको विद्यालयको प्रतिनिधित्व हुने गरी गरिएको एक अन्तरक्रिया कार्यक्रमले भने 'हेभीवेट' नेतालाई मात्र गिज्याएको छैन, निर्वाचित जनप्रतिनिधिको काममाथि नै अविश्वास पैदा भएको छ।

बिहीबार बर्दिबास नगरपालिकाका मेयर प्रह्लादकुमार क्षेत्री नगरभरका विद्यालयबाट प्रतिनिधित्व गरेर आएका विद्यार्थीको प्रश्नले घेरिए। निर्वाचित भएदेखि शिक्षामा उल्लेख्य परिवर्तन गरेको दाबी गर्ने मेयरको अभिव्यक्तिमा विद्यार्थीले कमजोरीबारे ध्यानाकर्षण मात्र गराएनन्, शैक्षिक गुणस्तरमाथि समेत प्रश्न गरे।

महोत्तरीको बर्दिबास स्थित श्री मावि प्रेमनगरका ९ कक्षामा अध्ययनरत निमेष मण्डलले विद्यालय व्यवस्थापन समितिको बैठक बस्दा पनि पढाइ नहुने गरेको गुनासो पोखे । 'हप्तामा २ दिन बैठक बस्छ, त्यो अवधिमा विद्यालयमा पढाइ हुँदैन,' उनले भने। शैक्षिक गुणस्तरमा वृद्धि गर्ने नाममा नगर प्रमुख क्षेत्रीले करारमा काम गरिरहेका पुराना शिक्षकहरू हटाएका थिए। तर, विद्यार्थीले भने मेयरको कदमपछि १ वर्षसम्म विषयगत शिक्षकको अनुहारसम्म हेर्न नपाएको गुनासो गरे।

अत्यधिक गर्मीमा विद्यालयमा पंखा नहुनु, शौचालय नहुनु, बर्खायाममा छानाबाट पानी चुहिएर कोठाभित्र छिर्नु जस्ता साझा समस्या विद्यार्थीले राखिरहँदा नगर प्रमुख भने गुनासो सम्बोधन गर्ने आश्वासन दिइरहेका थिए। कार्यक्रमको सुरुआतमा नै नगर प्रमुख क्षेत्रीले सबैभन्दा बढी बजेट शिक्षामा छुट्याएको बताए पनि विद्यार्थीको गुनासो सम्बोधनको मार्गचित्र भने बताउन सकेनन्।

टुटेश्वर माध्यमिक विद्यालयमा अध्ययनरत एक छात्रले त नगर प्रमुखको जबाफदेहिता र जिम्मेवारीमाथि नै पटक-पटक प्रश्न उठाए । भने, 'छानाबाट पानी चुहिएको, छाना माथिबाट कक्षाकोठामा ढुंगा झरेको जिम्मेवारी कसले लिन्छ ?' छात्रले पटक-पटक यो प्रश्न गरेपछि नगर प्रमुखले जिम्मेवारी आफूले नभई व्यवस्थापन समितिले लिनुपर्ने बताए । विद्यार्थीहरूले नगर प्रमुखलाई विद्यालयमा र ाजनीति भइरहेको भन्दै ध्यानाकर्षण गराए भने निर्वाचनमा पर्चा, पम्प्लेटसमेत वितरण गर्न कक्षाकोठामा नै आउने गरेको उदाहरण पनि सुनाए।

**नगरको अनुगमन फितलो**

विद्यार्थीहरूको गुनासोले नगर शिक्षा शाखा अनुगमनमा नजाने गरेको खुलासा भएको छ। विद्यार्थीहरूले विद्यालयमा कोही पनि अनुगमनमा नआउँदा शिक्षकमाथि थप स्वतन्त्रता बढेको भन्दै यसका कारण पढाइ फितलो भएको गुनासो गरे। शिक्षा शाखाका प्रमुख गणेश दाहालले भने विद्यार्थीहरूले भनेजस्तो नभएको जिकिर गरे। उनले अनुगमन गरिरहेको दाबी गरे। नगरले विषयगत शिक्षक दिन नसक्दा विद्यार्थीहरूले निमावि पढाउने शिक्षकहरूले नै माविमा पढाइरहेको बताए। व्यवस्थापन समिति बनाउन नै नगरका प्रायः विद्यालयमा राजनीतीकरण हुने विद्यार्थीहरूले गुनासो गरे।

व्यवस्थापन समितिका अध्यक्ष चयनमा नै राजनीतिक हस्तक्षेप हुने गरेको विषयमा भने नगर प्रमुखले नै असन्तुष्टि जनाए । स्वतन्त्र उम्मेदवारी दिएर मेयरमा निर्वाचित मेयर क्षेत्री हाल कांग्रेस प्रवेश गरिसकेका छन् ।

**५० प्रतिशत छात्र विद्यालयबाहिर**

विद्यालयमा शैक्षिक वातावरण नहुँदा कैयौं विद्यार्थी विद्यालय छाडेर मजदुरी गर्न जाने गरेको पनि पाइएको छ। विशेष गरी नगरको दक्षिणी क्षेत्रका वडा ६, ९, १२ र १३ मा यस्तो समस्या रहेको विद्यार्थीहरूले बताएका छन्। संख्यात्मक हिसाबले विद्यालयमा विद्यार्थीको संख्या अधिक भए पनि ५० प्रतिशत पनि उपस्थित नहुने उनीहरूको भनाइ छ।

उपस्थित नहुने विद्यार्थी खोलामा ढुंगा टिप्ने र मजदुरी गर्ने गरेको भेटिए पनि सरोकारवालाहरूले चासो नदेखाएको विद्यार्थीहरूको भनाइ छ। 'कुन विद्यार्थी के गरिर हेको छ ? किन विद्यालय आएन ? भन्ने विषयमा न शिक्षकबाट नै खोजी हुन्छ न त नगरबाट नै,' बनारझुल्ला माविमा अध्ययनरत एक छात्रले भने।

विद्यार्थीका अनुसार नगरमा सरुवाको समस्या रोगजस्तै बनेको छ। सरुवा भएर आएको ७ दिनमा नगरले अदलबदल गर्ने गरेको छात्रछात्राको गुनासो छ।

## सवारी दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

**बर्दिबास-** बर्दिबास औरही भित्री सडकखण्डमा शनिबार सवारी दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। दुर्घटनामा औरही नगर पालिका २ का ६० वर्षीय ताहिर अन्सारीको मृत्यु भएको हो।

बर्दिबासस्थित इलाका प्रहरीका अनुसार औरहीबाट बर्दिबास तर्फ आउँदै गरेको ज ४ प २३५१ नम्बरको मोटरसाइकलले बर्दिबास २ स्थित बुद्धचोक नजिक विद्युत पोल लोड गरेको ज १ त १७४३ नम्बरको ट्याक्टरमा ठक्कर खाँदा दुर्घटना भएको हो।

दुर्घटनामा गम्भीर घाइते अन्सारीलाई उपचारका लागि बर्दिबास अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। दुर्घटना लगत्तै चालक फरार भए पनि ट्याक्टरलाई बर्दिबास प्रहरीले नियन्त्रणमा लिएको छ।

## हिरासतबाट फरार थुनुवा साढे ४ महिनापछि पक्राउ



**महेन्द्रनगर-** धनुषाको इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरको हिरासत फोडेर फरार भएका एक थुनुवा पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा क्षीरेश्वरनाथ नगरपालिका-२ रमदैयाका २५ वर्षीय रोशन यादव छन् । उनलाई विशेष सुचनाको अधारमा आज बिहान साढे १० बजे भारत बिहारको सितामढी जिल्लाबाट दिदीको घर महोत्तरी औरही बजार आउँदै गरेको अवस्थामा पक्राउ गरेको धनुषाका प्रहरीले जनाएको छ ।

माघ १५ गते राति हिरासत फोडेर यादव सहित ६ थुनुवा फरार भएका मध्ये पाँचजनालाई यसअघि नै प्रहरीले विभिन्न स्थानबाट पक्राउ गरि सकेको छ ।

## चितामा जलाउँदै गरेको शव प्रहरीद्वारा बरामद

**सर्लाही** / सर्लाहीको हरिपुर नगरपालिका -६, लक्ष्मीपुरमा श्रीमानको कुटपिटबाट एक महिलाको मृत्यु भएको छ। घरायसी विवादमा श्रीमान राजाराम साहले कुटपिट गर्दा श्रीमती ४५ वर्षकी इन्द्रकलादेवी साहको मृत्यु भएको हो ।

जेठ २२ गते राजारामले कुटपिट गर्दा गम्भीर घाइते हुनुभएकी इन्द्रकलाको शनिबार बिहान मृत्यु भएको थियो । इन्द्रकलालाई सुरुमा उपचारका लागि नवलपुरस्थित एक अस्पतालमा लगिएको थियो । नवलपुरमा सामान्य उपचार गरेर वीरगञ्ज लगिएको थियो । *बाँकी पृष्ठ ३ मा*

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)
सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# पृथ्वी तातिनबाट जोगाऔं

यदि शून्य कार्बन उत्सर्जनको एजेन्डा सन् २०७० सम्म गयो भने विश्व तापमान दुई डिग्री सेल्सियसले बढ्नेछ। प्रत्येक वर्ष मनाइने वातावरण दिवस मुख्यतया सामुद्रिक प्रदूषण, अत्यधिक जनसंख्या वृद्धि, विश्व तापमान वृद्धि (ग्लोबल वार्मिङ), दिगो विकास र वन्यजन्तु अपराधजस्ता पर्यावरणीय मुद्दाहरूमा केन्द्रित रहन्छ। विश्व वातावरणीय क्षेत्रको मुख्य सरोकारवाला निकाय संयुक्त राष्ट्रसंघअन्तर्गतको वातावरणीय कार्यक्रम हो। जसमा १ सय ९३ भन्दा बढी देशको आबद्धता छ। नेपाल पनि युनेपको सदस्य राष्ट्र हो।सन् १९९० मा ब्राजिलको रियो दि जेनेरियोमा भएको पृथ्वी सम्मेलन (अर्थ समिट)ले आधिकारिक रूपमै विज्ञान, प्रविधि र मानव गतिविधिले पृथ्वीको प्राकृतिक पारिस्थितिकीय प्रणालीलाई बिगार्दै लगेको र अत्यधिक मात्रामा उत्सर्जित हुन्छ, हरितगृह ग्यास। जसका कारण जलवायु परिवर्तनका लागि मानव जिम्मेवार भएको कुरा स्थापित भएको बताइयो। मानव गतिविधिले उत्सर्जित हरितगृह ग्यासले सूर्यको तापलाई पृथ्वीको वायुमण्डलबाट बाहिर जान अवरोध गर्नाले पृथ्वीको तापमान सोचेभन्दा छिटो वृद्धि हुन्छ। तीनवटा प्रमुख हरितगृह ग्यासमा कार्बनडाई अक्साइड, मिथेन र नाइट्रस अक्साइड छन्। खनिज इन्धनहरू कोइला, पेट्रोलियम पदार्थ र ग्यासको प्रयोग नै यी हरितगृह ग्यास उत्सर्जनका मुख्य कारक हुन्। यी तत्त्वहरूले नै विश्वव्यापी जलवायु परिवर्तनमा सबैभन्दा ठूलो हिस्सा ओगट्छन्।समयसँगै बढ्दो तापक्रम वृद्धिले मानव जाति र पृथ्वीमा रहेका सबै प्रकारका प्राणीका लागि धेरै जोखिम निम्त्याइरहेको देखिन्छ। जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संयन्त्रको पछिल्लो प्रतिवेदनमा हरितगृह ग्यास उत्सर्जनको हालको मात्र वृद्धिदरलाई घटाउन प्रविधिहरू, मानवीय बानी व्यहोरामा परिवर्तन गर्नुपर्ने आवश्यकता र यसको जोखिम र न्यूनीकरणको मार्गचित्र प्रस्तुत गरिएको छ। अहिले नै काम गर्‍यौं भने हामी अझै पनि 'सबैका लागि बाँच्न योग्य पृथ्वी'को दिगो भविष्य सुरक्षित गर्न सक्छौं। सन् २०१५ मा फ्रान्सको पेरिसमा भएको जलवायु सम्मेलनले पृथ्वीको तापक्रमपूर्व औद्योगिक युग अगाडिको अवस्थाभन्दा थप १.५ डिग्री सेल्सियसमा कायम राख्नुपर्ने चुनौतीलाई प्रमुख जोड दियो। हालसम्म भएका कामको प्रगति मापन र हालका योजनाहरू जलवायु परिवर्तनसँग जुध्न अपर्याप्त छन् भन्ने कुरा आईपीसीसीको पछिल्लो प्रतिवेदनमा छ। शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापमान करिब ५ डिग्री सेल्सियसले वृद्धि हुनेछ। जसले समुद्रको सतह करिब ३ मिटर माथि उठ्नेछ। यो स्थिति आयो भने पृथ्वीको एक तिहाइ भाग समुद्र हुनेछ र करिब आधाभन्दा बढी प्रजाति लोप हुनेछन्।

# प्लास्टिक प्रदूषणको पीडा

अनुराधा ढकाल



विश्व वातावरण दिवसको यस वर्षको नारा प्लास्टिकसँग सम्बन्धित छ, 'प्लास्टिकजन्य प्रदूषण निर्मूल पारौं : वातावरणमैत्री विकल्पको उपयोग गरौं'। ४० माइक्रोनभन्दा कम तौल भएको प्लास्टिकको झोला निर्मूलनसम्बन्धी चर्चा चलेको वर्षौं भयो। हालसम्म कार्यान्वयनमा भने आएको छैन। सरकारले ल्याएको यो आर्थिक वर्षको नीति तथा कार्यक्रममा प्लास्टिकको उपयोग कम गराउन मधु तथा गुट्खाको खोलमा यसको प्रयोग निषेध गरिएको छ। विकल्पमा कागज वा कपडाको हुनुपर्नेछ। यो निर्णयले केही हदसम्म प्लास्टिकको उपयोग घटाउने छ।

प्लास्टिक यस्तो तत्त्व हो, जहाँ सिन्थेटिक वा सेमिसेन्थिटिक जैविक वस्तु धेरै मात्रामा पाइन्छ। यिनीहरूलाई जुनसुकै आकारमा लैजान सकिने भएकाले धेरै ठाउँमा प्रयोग हुन्छ। कम लागत, धेरै ठाउँमा प्रयोग गर्न मिल्ने भएकाले यसको खपत धेरै छ। त्यही भएर यसको प्रयोग यत्रतत्र सर्वत्र छ। बिहान हामीले दाँत माझ्ने ब्रस, लेख्ने कलमदेखि मोबाइलको कभर सम्म प्लास्टिकले बनेको हुन्छ। प्लास्टिकसँग यस्तो नाता गाँसिएको छ कि दैनिक उपभोग्य जीवनमा नभई नहुने वस्तु जस्तै भयो यो। लगेज बेर्नेदेखि सपिङ मलसम्म, घर बनाउनेदेखि खरको घरमा छानो लगाउनेसम्म प्लास्टिकको प्रयोग हुन्छ। दैनिक उपभोग्य वस्तु लिन जानेहरूले पनि प्लास्टिकमै सामान बोकेर ल्याउँछन्। त्यसैले प्लास्टिकको प्रयोग बाथरुमदेखि भान्सा हुँदै पढ्ने कोठासम्म फैलिएको छ।

सहरीकरण र आर्थिक वृद्धिका कारण प्लास्टिकजन्य फोहोरको उत्पादन बढेपछि विश्वमा अर्को चुनौती थपिएको छ। लामो समयसम्म नकुहिने भएकाले वातावरणमा प्लास्टिकको असर धेरै छ। पानीमा बस्ने जलीय जीवका लागि प्लास्टिक अभिशाप बन्दैछ।

गत वर्षको विश्व बैंकको प्रतिवेदनअनुसार समुद्री तटीय क्षेत्रमा सबैभन्दा धेरै प्लास्टिकजन्य फोहोर छ। त्यसमध्ये ९४ प्रतिशत फोहोर प्लास्टिकका छन् जसले कुल फोहोरको ७१ प्रतिशत तौल ओगटेको छ। ती प्लास्टिकजन्य फोहोरमध्ये ६० प्रतिशत एकपटक प्रयोग गर्न मिल्ने खालका मात्रै छन्। अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एन्ड डेभलपमेन्टले सन् २०२२ मा अध्ययन गर्‍यो। जसमा सन् २००० देखि २०१९ सम्म प्लास्टिकको उत्पादन बढेर ४ सय ६० मिलियन टन पुगेको पाइन्छ। जसमा ९ प्रतिशतमात्र फोहोर पुनर्प्रयोग गरिएको थियो। बाँकी सबै ल्यान्डफिल साइट र समुद्रमा फालियो।

समुद्रमा प्लास्टिकको मात्रा बढ्दै जाँदा डल्फिन, कछुवा, सामुद्रिक चराहरूको श्वासप्रश्वासमा पनि असर गरिरहेको छ। सन् २०१५ को अध्ययनले समुद्रमा हुने प्लास्टिक फोहोरले सन् २०५० सम्ममा ६ सय प्रजातिलाई असर गर्ने उल्लेख गरेको छ। जेमबिकको सो अध्ययनले १५ प्रतिशत सामुद्रिक प्रजाति संकटापन्न अवस्थामा प्लास्टिक खाने र अड्किने गरेको देखाएको छ। प्लास्टिकको प्रभाव हाम्रो परिस्थितीकीय प्रणालीमा पनि परेको छ। जसको असर वन्यजन्तुसँगै खाद्यचक्रमा पुगेको छ। प्लास्टिकजन्य झोला, बोतलहरू जथाभावी फाल्दा त्यसले प्रदूषणमात्रै बढाएको छैन, जमिनको उर्वरशक्तिलाई पनि ह्रास बनाउँदैछ। खाद्य उत्पादनमा पनि असर गरेको छ। ल्यान्डफिल साइटहरूबाट प्लास्टिकजन्य फोहोरको लिचेड जमिनमुनिको भूमिगत पानीको स्रोतसम्म पुग्ने खतरा हुन्छ। जलाउँदा पनि मानिसमा गम्भीर स्वास्थ्य समस्या देखिन्छ।

युनेपले सन् २०१८ मा भनेको थियो, 'एकपटक मात्रै प्रयोग गर्न मिल्ने प्लास्टिक फोहोर व्यवस्थापनको कमजोर पक्ष हो। प्लास्टिकको बिर्को, चुरोटको बट्टा, झोला, र्‍यापरको प्रयोगले हामी प्रकृतिप्रति कति असंवेदनशील छौं भन्ने देखाउँछ। प्लास्टिक प्रदूषण कम अध्ययन भएको विषयमा पर्छ। यो सहरी क्षेत्रमा बढी तर ग्रामीण क्षेत्रमा कम चर्चा हुने गर्छ। दिगो विकासको लक्ष्यहरूको १२ नम्बर बुँदामा दिगो उत्पादन र प्रयोगको लक्ष्य हासिल गर्न पनि फोहोर व्यवस्थापन गरेर कम गर्न मद्दत गर्नुपर्ने देखिन्छ।

तापक्रमको वृद्धिसँगै धाराबाट पानी सुकेपछि ग्रामीण भेगमा पनि प्लास्टिकका बोतल प्रयोग धेरै बढ्ने अनुमान गरिएको छ। नेपालमा हरेक हप्ताजसो बागमती सर सफाइ अभियान चल्छ तर फोहोर घटेको छैन। प्लास्टिकको फोहोरको मात्रा धेरै नै बढेको छ। यसको निराकरणका लागि आधुनिक प्रविधिको प्रयोग गर्न जरुरी छ। विश्व बैंकको २०२२ को प्रतिवेदनमा भनेजस्तो सरकारी निकायका नीति तथा कार्यविधिलाई पूर्ण रूपमा पालना गर्दै दिगो फोहोर व्यवस्थापन गर्न सकिन्छ। नेपालमा धेरै नीति भए पनि कार्यान्वयन पक्ष एकदमै चुनौतीपूर्ण छ।

नेपालको संविधानको धारा ३०(१) ले हरेक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हकको ग्यारेन्टी गरेको छ। तर पनि नागरिक स्वच्छ वातावरणमा बाँच्न पाइरहेको छैन। जलवायु परिवर्तन र प्लास्टिक प्रदूषण एकापसमा जोडिएको विषय हो। जलवायु परिवर्तनका विभिन्न विषय जोडिए पनि प्लास्टिकसँगको अन्तरसम्बन्ध बारे अनुसन्धान कम छन्। हरेक वर्ष ५ ट्रिलियन प्लास्टिक झोला उत्पादन हुने गर्छ। एउटा व्यक्तिले हरेक वर्ष तीन सयसम्म प्लास्टिकको झोला प्रयोग गर्ने अनुमान छ। नेपालमा वार्षिक २ सय ४ टन प्लास्टिक फोहोर उत्पादन हुने र तिनमा १ सय ३१ टन प्लास्टिक फोहोरकै रूपमा र डम्पिङ साइटमा जाने गरेको सन् २०१८ मा प्रकाशित अध्ययनले देखाएको छ। प्लास्टिक झोला नियन्त्रणका लागि नेपालले धेरै नियम तथा निर्देशिका बनाएको छ। कार्यान्वयन पक्ष फितलो हुँदा प्रयोगमा कमी आउन सकेको छैन। २०७२ वैशाख १ गते सरकारले काठमाडौं उपत्यकामा प्लास्टिक झोला पूर्णरूपमा प्रतिबन्ध गर्ने निर्णय गर्‍यो तर पूर्णरूपमा कार्यान्वयनमा आउन सकेन। विभिन्न ठाउँमा प्लास्टिक झोला निर्मूल पार्ने चर्चा चल्छ तर कार्यान्वयन हुँदैन। अधिकांश नगरपालिकामा प्लास्टिक झोला नियन्त्रणसम्बन्धी कानुनहरू बनेका छन्। फोहोर बोक्ने र त्यसलाई विसर्जन स्थलमा लैजाने सवारी साधन नहुँदा धेरैजसो पालिकामा खुलारूपमा प्लास्टिक जलाइन्छ। जलाउँदा कार्बन मोनोअक्साइडजस्तो हानिकारक ग्याँस निस्कने र त्यसले वायु प्रदूषण गराउने अर्को खतरा उत्पन्न गराउँछ। प्लास्टिकप्रतिको मानिसको गलत बुझाइ र सोचले यसको व्यवस्थापन तथा पुनर्प्रयोग हुन सकेको देखिँदैन। प्लास्टिक प्रदूषण न्यूनीकरणका लागि सरकारीसहित हरेक क्षेत्रको समन्वय खाँचो आवश्यक पर्छ। त्यसका लागि कानुन कार्यान्वयन नै प्रमुख बाटो हो। - *ढकाल, वातावरणसम्बन्धी अनुसन्धान गर्छिन्।*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# तातो हावाले कस्तो असर गर्छ स्वास्थ्यमा? कसरी जोगिने?



**खबर दर्पण समाचारदाता**

**जेठ २७ गते, महेन्द्रनगर**

नेपालमा पछिल्लो समयमा तातो हावाको लहर (हिट वेभ) जारी छ। यो तराईका जिल्लामा बढ्दो छ। तापक्रम वृद्धि हुँदा जनजीवन प्रभावित भएको छ भने कृषि बालीमा असर परिरहेको छ। यो क्रम अझै केही दिन जारी रहने मौसमविद्हरूले बताएका छन्। तराईका जिल्लामा ४० डिग्रीभन्दा माथि तापक्रम छ।

तातो हावाको लहर बढ्दा कतिपय स्थानमा तापक्रमले 'रेकर्ड ब्रेक' नै गरेको छ। इलाम, नवलपुर, धरान, ओखलढुङ्गालगायत क्षेत्रमा रेकर्ड ब्रेक भएको मौसमविद्ले बताएका छन्।

यस्तो अवस्थाबाट कसरी जोगिने, केके गर्न सकिन्छ भन्ने विषयमा खास तयारी छैन। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले अब भने तयारी थालिएको बताउनुभयो। यसको असर र यसबाट बच्ने उपायका बारेमा चिकित्सक पवनकुमार शाहले केही 'टिप्स' दिएका छन्।

उनका अनुसार तातो हावाको लहरले मानिसलाई मृत्यसम्म पनि गराउन सक्ने भएकाले सावधानी अपनाउनु जरुरी छ। सुरुमा यसले चिलाउने, साना बिमिरा देखिने हुन सक्छ। त्यसबाट इन्फेक्सन भयो भने ठूला घाउ, खटिरा पनि बन्न सक्ने उनले बताए। यस्तै खुट्टा सुनिने, रिङटा लाग्ने र बेहोस पनि हुन सकिन्छ। रक्तचाप घट्नेलगायतका लक्षण पनि देखिन सक्ने उनले बताए।

काम गर्ने व्यक्तिमा 'डिहाइड्रेसन' (निर्जलीकरण) हुनसक्ने बढी खतरा हुन्छ। यस्तो बेलामा तिर्खा बढी लाग्ने, टाउको दुख्ने पनि हुन्छ। वृद्धवृद्धा, बालबालिका तथा कमजोर व्यक्तिहरू कोमामा पनि जान सक्ने खतरा हुन्छ। हात खुट्टा बाउँडिने, अलिक बढी नै भयो भने वान्ता आउने र वान्ताका क्रममा फोक्सोमा पुग्यो भने मानिसको मृत्यु हुनसक्ने उनले बताए।

यसका लागि शीतल ठाउँमा बस्नु नै यसको उपयुक्त उपचार हो। प्रशस्त पानी पिउने, घाममा धेरै नहिँड्ने, दिउँसो काम नगर्ने गर्दा पनि यसबाट जोगिन सकिन्छ। लक्षणअनुसारको उपचार हुने भन्दै शाहले तातो स्थानबाट चिसो ठाउँमा राख्ने, मसाज गर्ने, जीवनजल खुवाउने, कतिपय खुट्टामा असर परेको बेला खुट्टा उठाएर चिसो ठाउँमा राख्दा पनि कम हुँदै जाने बताए। यति हुँदा पनि कम भएन भने चिकित्सकको निगरानीमा उपचार गराउनुपर्ने उनले सुझाव दिए।

# आजदेखि क्रमशः मौसम बदली र वर्षा बढ्छ, अब गर्मीमा राहत हुन्छ : मौसमविद्

**खबर दर्पण समाचारदाता**

**जेठ २७ गते, महेन्द्रनगर**

आज (आइतबार) देखि मौसम बदली (बादल लाग्ने) र वर्षा हुने क्रम क्रमशः बढ्दै जाने मौसमविद्ले बताएका छन्। जसका कारण अब केही दिनदेखि भइरहेको गर्मीमा राहत महसुस हुने अपेक्षा गरिएको छ।

दुई हप्ताभन्दा बढी दिनदेखि बादल नलाग्ने र पानी नपर्ने हुँदा देशभर गर्मी बढेको छ भने विशेषगरी तराई क्षेत्रमा अत्यधिक गर्मी र तातो हावाले जनजीवन निकै कष्टकर भइरहेको छ।

मौसम पूर्वानुमान महाशाखाकी मौसमविद् शान्ति कँडेलले आजदेखि क्रमशः मौसम बदली र वर्षा हुने सम्भावना बढेको बताइन्। 'यसले गर्मी घटिहाल्छ भनेर अहिल्यै मैले भनिनँ, तर निरन्तर उकालो लागेको तापक्रम धेरैजसो स्थानमा स्थिर रहने वा केही डिग्री घट्नेछ', उनले भनिन्, 'यति भनौँ- गर्मीमा राहत पक्कै हुनेछ।'

मौसम महाशाखाका अनुसार आज दिउँसो कोशी प्रदेशलगायत देशका पहाडी भेगमा आंशिकदेखि सामान्य बदली (आकाशमा बादल) रही बाँकी स्थानमा मौसम आंशिक बदलीदेखि सामान्यतया सफा र हनेछ। यस क्रममा कोशी, बागमती र गण्डकी प्रदेशका थोरै स्थान र बाँकी प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

मौसमविद् कँडेलका अनुसार आज अपराह्न काठमाडौं उपत्यकामा पनि क्षणिक वर्षाको सम्भावना छ। 'दिउँसो २/३ बजेपछि काठमाडौं उपत्यकामा पनि क्षणिक वर्षा हुने सम्भावना छ', उनले भनिन्, 'यहाँ पनि गर्मीमा केही राहतचैं हुने देखिन्छ।'

यस्तै राति कोशी प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रहनुका साथै देशका बाँकी पहाडी भेगमा आंशिक बदली रही बाँकी स्थानमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहने महाशाखाले जनाएको छ। कोशी प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानका साथै मधेश प्रदेशलगायत देशका बाँकी पहाडी भेगका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

# सर्वसाधारणले ल्याउने सय रुपैयाँ भन्दा माथिको सामानमा पनि भंसार तिर्नुपर्ने

**खबर दर्पण समाचारदाता**

**जेठ २७ गते, महेन्द्रनगर**

नेपाल भारत सिमा नाका रुपन्देही को बेलहियामा भैरहवा भंसार कार्यालयले नाकालाई थप व्यवस्थित गर्दै भारतिय सिमावर्ति बजारबाट सामान खरिद गरेर आउने सबैलाई अनिवार्य जेकजाँच गरेर मात्र नेपाल प्रवेश गर्न दिएको छ।

भैरहवा भंसार कार्यालयले सुचना जारी गर्दै ' रु १०० भन्दा बढी मुल्यको मालसामान लिएर नेपाल प्रवेश गर्ने यात्रुहरुले आफ्नो साथ मा ल्याएको मालसामानहरुको भंसार कार्यालयको यात्रु शाखामा अनिवार्य घोषणा गरी जाँचपास गराएर मात्र लैजान' सुचित गरेको छ। अन्यथा घोषणा नगराई लगिएको मालसामान भंसार परिसर भन्दा बाहिर लगेको पाइएमा भंसार ऐन, २०६४ बमोजिम चोरी पैठारी कसुर मा कारवाही हुने थप जानकारी गराएको छ।

भैरहवा भंसार को यो निर्णय को भारतिय बजार वाट सामान लिएर फर्किनेहररु ले विरोध जनाएका छन् । ओमसतिया गाउँपालिका-४ का गोकुल लिम्वु ले ' सामान्य घर ायसी सामान लिएर आउँदा पनि भंसार महसुल लाग्नु गलत हो , २-४ पैसा सस्तो मा सामान किन्न जानु अपराध नभएको ' उनले भने । भंसार लिने नै भए रु १०० मा केहि पनि नआउने समय अनुसार मुल्य तोकिनु पर्ने र भंसार महसुल अत्याधिक महँगो भएकोले त्यो पनि कम गर्नु पर्ने थप आफ्नो भनाई र ाखे ।

भारतिय सिमावर्ती बजार सुनौली मा भैरहवा भंसार कार्यालयको निर्णय को असर वारे जानकारी लिदाँ सुनौली बजार मा ब्यापार मा केहि गिरावट आएको देखियो। सुनौली का ब्यापारी हरु ले रोटी बेटी को संवन्ध भएको देश ले यसरी घराएसी सामान लियर जादाँ पनि भंसार लिनु गलत भएको र आफ्नो ब्यापार मा असर गरेको भनाई राखे ।भैरहवा भंसार को कडाई भएपछि खरिदारी गएर गएका हरु पनि भंसार महसुल महँगो भएको भनि सामान पसल मा फिर्ता गरेको पाईयो ।

भैरहवा, बुटवल र आसपास को क्षेत्र वाट दैनिक हजारौं नेपाली भारतिय बजार सुनौली र नौंतनवा गई बजार गरी कुनै रोकटोक विना नेपाल प्रवेश गर्दा नेपाली बजार विस्थापित हुन लागेको भन्दै स्थानिय व्यापारीहरु ले विरोध गर्नु को साथै भैरहवा भंसार कार्यालयलाई सिद्धार्थ उध्योग वाणिज्य संघले सिमा नाका व्यवस्थित गरिदिन भनेर ज्ञापन पत्र बुझाएको थियो ।

# चितामा जलाउँदै गरेको शव ...

वीरगञ्जमा उपचार गरी २३ गते राति घर ल्याइएको गाउँलेको भनाइ छ । घरमा ल्याउनासाथ पुनः स्वास्थ्यमा समस्या देखिएपछि २४ गते उहाँलाई फेरि उपचारका लागि जनकपुर अस्पताल लगिएको थियो । जनकपुरमा उपचार गरिरहँदा स्वास्थ्य अवस्था जटिल बनेको भन्दै शनिबार बिहान घरतर्फ ल्याउनेक्रममा महिलाको बाटोमा मृत्यु भएको स्थानीयले बताउनुभयो । मृतकको शव शनिबार मध्यान्ह गाउँमा ल्याएर लखन्देही खोलामा अन्त्येष्टि गरिरहेका बेला प्रहरीले महिलाको शव बरामद गरेको स्थानीयले बताएका छन् ।

महिलाको शव मृतककी छोरी, ज्वाँइलगायत केही आफन्तले प्रहरीमा उजुरी दिएपछि प्रहरीले शव बरामद गरेको बुझिएको छ ।




मिथिला नगरपालिका
ढल्केवर, धनुषा



बर्दिवास नगरपालिका
महोत्तरी

# पत्रकार महासंघ धनुषाका अध्यक्ष झा घाइते भएको नाटक मात्र हो : सचिव बटुकनाथ झा




**खबर दर्पण समाचारदाता**

**जेठ २७ गते, महेन्द्रनगर**

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष मनिका झाले घाइते भएको नाटक गरेको महासंघ धनुषाका सचिव बटुकनाथ झाले बताएका छन् ।

सचिव झाले अध्यक्ष माथि कुनै किसिमको कुटपिट नभएको प्रस्ट पारेका छन् ।

सचिव झाले शनिवार साँझ एक विज्ञप्ती जारी गर्दै अध्यक्ष झाले नयाँ सदस्य वितरणमा एकलौटी गर्न खोजेपछि विवाद भएको उल्लेख गर्दै सदस्यता प्रकरणमा महासंघ नेतृत्वले गर्न खोजेको बल मिच्याई पुर्व योजना अनुरुप कुटपीट गरि एको झूठा कुरा फिजाई अस्पताल भर्ना हुने सम्मको ढोङका बारेमा छानविन गर्न पत्रकार महासंघको केन्द्रिय नेतृत्वलाई आग्रह गरेको छ। विज्ञप्तीमा सदस्यता नविकरण वा नयाँ सदस्यता दिने विषयमा आफु अनुकुल हुने गरी नेतृत्व गर्ने अवैधानिक हस्तक्षेप कुनै पनि हालतमा स्वीकार्य नहुने समेत उल्लेख गरिएको छ।

सचिव झा सहित महासंघका कार्यसमितिको बहुमत सदस्यको हस्ताक्षरित विज्ञप्तीमा “नेपाल पत्रकार महासंघको सदस्यता शुद्धिकरण मापदण्ड अनुरुप सदस्य रहन नसक्ने व्यक्ति र सदस्यहरुको नविकरण हुनुपर्छ भन्ने विषयमा हाम्रो कुनै अडान नरहेको बेला व्यक्तिगत तथा दलिय स्वार्थ पुणर्संकिणर्ता अनुरुप नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष मनिका झाले नियोजित तवरबाट सदस्यता नविकरण नगर्ने स्थितिमा आजको बैठकमा हामीले असन्तुष्टि व्यक्त गरेका छौँ”, उल्लेख गरिएको छ। विज्ञप्ती मार्फत उचित तथा पर्याप्त कारण एवम् आधार नखोलिकन पक्षपात पूणर् र पुर्वाग्रही ढंगबाट नेपाल पत्रकार महासंघ धनुषामा योग्य तथा सक्षम सदस्यका रुपमा योगदान दिदै आएका सदस्यहरुलाई राजनीतिक आस्थाका आधारमा सदस्यता नविकरण गर्न खोज्ने नेतृत्वका दुराग्रही सोच प्रति खेद व्यक्त गरिएको छ।

पत्रकार महासंघ धनुषाका पदाधिकारी, सदस्यहरु तथा साधारण सदस्य समेतलाई आफ्नो सदस्यता संग नाम प्रतिष्ठा जोगाउने अधिकार रहेको स्थितिमा अत्यन्त नाटकीय ढंगबाट नेतृत्वले आफ्नो निरंकुशता र स्वेच्छाचारितालाई ढाकछोप गर्न न्यायका अपेक्षाग्राहीलाई प्रहरी प्रशासनबाट पक्राउ गराउन खोज्नु कुण्ठित कार्य हो । यसले प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मुल्यमान्यता माथि आघात पुर्याएको विज्ञप्तीमा उल्लेख गरिएको छ।

# ‘मधेसका श्रमिकहरूले जहिले पनि राष्ट्रिय स्वाधीनता र राष्ट्रिय एकताको लागि आवाज उठाउने गर्दछन’



**खबर दर्पण समाचारदाता**

**जेठ २७ गते, बर्दिवास**

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले मन्त्री बनेर झन्डा हल्लाउने मात्र काम नभएको बताएका छन् ।

पद भनेको जिम्मेवारी मात्र भएको र उक्त जिम्मेवारीमा इमानदारिताका साथ नलाग्दा जनताको काम नभएको गृहमन्त्री श्रेष्ठको तर्क छ । शनिवार महोत्तरीको रामगोपालपुरमा नवनिर्मित वडा नम्बर ८ भवनको उद्धाटन गर्दै गृहमन्त्री श्रेष्ठले जनताको समस्यामा नेता समेत इमानदारी नभएको आरोप लगाए ।

अब कुरा गर्ने दिनको अन्त्य भएको बताउँदै उनले जनतालाई जनप्रतिनिधि र नेताहरूले काम गरेर नतिजा देखाउने समय आएकोप्रति सजग गराए । मिटर ब्याजी पीडितहरूको समस्यालाई सरकारले प्रमुखताका साथ लिइरहेको बताउँदै गृहमन्त्री श्रेष्ठले भने- ‘काइते कुरा गरेर कुनै पनि प्रहरीले पीडितलाई थप पीडा दिएको छ भने हामीलाई उजुरी दिनुस् हामी कारबाही गर्न तयार छौ ।’

मिटरब्याजी पीडितका लागि जनप्रतिनिधिहरूले एजेन्डा बनाउन नसकेकोप्रति पनि गृहमन्त्री श्रेष्ठले गुनासो गरे । गृहमन्त्री श्रेष्ठले मधेसमा आउँदा राष्ट्रिय एकताको झल्को आउने गरेको पनि अनुभव सुनाए । उनले भने- ‘मधेसका श्रमिकहरूले जहिले पनि राष्ट्रिय स्वाधीनता र राष्ट्रिय एकताको लागि आवाज उठाउने गर्दछन् ।’

# ‘मैथिली भाषा, साहित्य र संस्कृतिको इतिहास समृद्ध छ’




**अजयकुमार झा**

**जेठ २७ गते, जनकपुर**

मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्रले जनकपुरधाममा त्रि दिवसीय साहित्य महोत्सव ‘विमर्श’ को उद्घाटन गर्नुभएको छ ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रदेश प्रमुख मिश्रले मैथिली भाषा, साहित्य एवं संस्कृति निक्कै समृद्ध भएकोले यसलाई जनजनको भाषाको रुपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले कतिपय मिथिलाको धरोहरहरू लोप हुन थालको बताउँदै तिनको संरक्षण एवं उजागर गर्न साहित्य महोत्सवले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

मैथिली साहित्यमा केन्द्रित भएर अडहुल र चनमा जस्ता गोष्ठीको सफल आयोजन गरिसकेको विमर्श फाउण्डेशनले जनकपुरधाममा हिजो साँझदेखि त्रि दिवसीय साहित्य महोत्सवको शुभारम्भ गरेको हो ।

विमर्श फाउण्डेशनको आयोजना र नेपोभिट टाइल्सको प्रायोजनमा सुरु भएको महोत्सवमा मैथिली भाषा, संस्कृति, समाज, पर्यावरण र साहित्यमाथि नेपाल र भारतका विशिष्ट व्यक्तिहरूले परिचर्चा गर्ने काम भइरहेको संस्थाका अध्यक्ष विभा झाले जानकारी दिनुभयो ।

विमर्शमा प्रा.डा. रामावतार यादव, विजय कुमार सिंह दनुवार, नागदेव यादव, उमाकान्त झा, रामभरोस कापडी, डा. कमल मोहन, डा. रमानन्द झा, डा. अरुणाभ सौरभ, बालमुकुन्द, अजित आजाद, कथाकार अशोक, प्रदीप बिहारी, गुञ्जन श्री, डा. तारानन्द वियोगी, डा. अशोक कुमार मेहता, नित्यानन्द मण्डल, रोशन जनकपुरी, डा. राजेन्द्र विमल, महेन्द्र मलंगिया, परमेश्वर कापडी, प्रेमलता मिश्र प्रेम, डा. भीमनाथ झा, सीके लाल, मंचला झा, रीता साह, मनिका झा, प्रियङ्का झा, कुमारी श्रेया, बिभा झा, करुणा झा, रुपा झा, खुशबु झा, मञ्जु यादव, संजु रानी मण्डल, विभा रानी, रंजु यादव लगायतका वक्ताहरूले चर्चा परिचर्चा गर्ने कार्यक्रम रहेको छ ।

# पूजा गर्न पशुपति पुगे प्रधानमन्त्री प्रचण्ड



**खबर दर्पण समाचारदाता**

**जेठ २७ गते, काठमाडौं**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पशुपतिनाथ पुगेका छन्। उनी शनिबार बेलुका ५:५५ बजे पशुपति प्रवेश गरेको स्रोतले जानकारी गराएको छ।

त्यसैगरी उनले केही समय पशुपतिको मुल मन्दिरमा पुगेर पूजा अर्चना गरिरहेको सुरक्षा स्रोतले पुष्टि गरेको छ। स्रोतले भन्रुयो, ’प्रधानमन्त्रीज्यू केही समयअघि पशुपति प्रवेश गर्नुभई अहिले मुल मन्दिरमा पूजा गरिरहनु भएको छ।’

यसअघि भारतको उज्जैनमा रहेको महाकालेश्रुवरमा पुगेर गेरुवस्त्र लगाउँदै विशेष पूजा गरेका प्रधानमन्त्री प्रचण्ड स्वदेश फर्किएको एक सातामा नै पशुपति पुगेर पूजा गरिरहेका छन्।

यसअघि प्रधानमन्त्री प्रचण्डले भारतको उज्जैनमा विशेष पूजा गरी फर्किएपछि राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद दीपकबहादुर सिंहले पशुपति दर्शन गर्न जाने कहिले हो भन्दै प्रश्न गरेका थिए।

प्रधानमन्त्री प्रचण्डले आफू पहिलो पटक प्रधानमन्त्री हुँदा भारतीय विस्तारवादको विरोध गर्दै राष्ट्रवादी बन्रुनका लागि भारतीय भट्टलाई हटाएर नेपाली नागरिकलाई पूजारी नियुक्त गरेका थिए। तत्कालीन संस्कृतिमन्त्री गोपाल किरातीले प्रधानमन्त्री प्रचण्डको निर्देशनमा भारतीय भट्टलाई पूजारीबाट हटाए पनि दुई सातामा नै उक्त निर्णय फिर्ता गर्नुपर्ने बाध्यतामा प्रचण्ड पुगेका थिए। पछि पशुपतिमा भारतीय नागरिकलाई नै पुन: मूलभट्ट बनाइएको थियो।

यसअघि भारतको महाकालेश्रुवरमा विशेष पूजा गरेपछि प्रचण्डले आफू हिन्दुवादी भएको प्रमाण पेश गर्दै भारतीय सत्ताको मन जित्रुने रणनीति अपनाएको भन्रुने टिप्पणीहरु भएका थिए। केही वामपन्थीहरुले भने उनको ’वैचारिक प्रतिगमन’ तल्लो बिन्दुमा पुगेको भन्दै आलोचना गरेका थिए।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**बटेश्वर गाउँपालिका**

**बटेश्वर, धनुषा**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा